# FACTSHEET

**प्रतिषेध:** यो जानकारीपत्र शैक्षिक प्रयोजनका लागि मात्र हो। अंग्रेजीबाट सही अनुवाद गर्न हरेक प्रयास गरिए पनि, भाषा अनुवादको काम एकदमै जटिल हो र त्यसैले व्यक्तिगत अनुवादहरूमा त्रुटि पाइन सक्छन्। तपाईँको बच्चाको लागि यो जानकारी सही भएको निश्चित गर्नका लागि कृपया तपाईँको डाक्टर वा अन्य स्वास्थ्य व्यवसायीहरूसँग परामर्श लिनुहोस्।

# CPAP भेन्टिलेसन

# CPAP Ventilation

## CPAP के हो?

## What is CPAP?

नियमित धनात्मक श्वासप्रश्वासमार्ग चाप (Continuous Positive Airway Pressure – CPAP) एउटा किसिमको श्वासप्रश्वास सहायता थेरापी हो जसलाई श्वासप्रश्वास मार्गमा हुने बाधाबाट मुक्त हुन प्रयोग गरिन्छ। यसमा CPAP मास्क तथा मेसिनको प्रयोग समावेश हुन्छ। CPAP मेसिनले निद्राका समयमा श्वासप्रश्वास मार्गलाई खुला राख्नका लागि *हावा* को चाप प्रयोग गर्छ।





## तपाईँको बच्चालाई किन CPAP चाहिन्छ?

## Why does your child need CPAP?

तपाईँको डाक्टरले तपाईँलाई भनेका छन् कि तपाईँको बच्चालाई अब्स्ट्रक्टिभ स्लिप एपनोइया (Obstructive Sleep Apnoea – OSA) नामक श्वासप्रश्वासको समस्या छ। OSA को लक्षणहरूमा घुर्ने, श्वास रोकिने, राति ब्यूँझने, ओच्छ्यानमा पिसाब फेर्ने, ध्यान कमजोर तथा अति-सक्रियता पर्दछन्। OSA थुप्रै चीजहरूका कारण हुन सक्छ जस्तै टन्सिल तथा एडिनोइड्स, तालु चिरिएको, मांसपेशीको कमजोरी, बढी वजन भएर, साँघुरो श्वासप्रश्वास मार्ग वा फोक्सोको रोगका कारण। यसकारण तपाईँको बच्चालाई हरेक समय सुत्दाखेरि (दिउँसोको सुताइमा समेत) CPAP को प्रयोग गर्नुपर्ने आवश्यकता रहन्छ।

CPAP को प्रयोगले घुराइलाई रोक्न श्वासप्रश्वास मार्गलाई खुला गरिदिन्छ र सामान्य श्वासप्रश्वास प्रदान गर्दछ। सामान्य श्वासप्रश्वास महत्वपूर्ण छ किनकि अक्सिजन भित्र्याउँछ र कार्बन डाइअक्साइडलाई बाहिर्याउँछ।

## हामी के गर्छौं?

## What will we do?

एकपटक तपाईँको बच्चालाई CPAP चाहिने निर्णय भएपछि तपाईँले श्वासप्रश्वास सहायता सेवाका चिकित्सा नर्स परामर्शदाता (Clinical Nurse Consultant) वा वैज्ञानिक अधिकारी वा निद्रा एकाइका सदस्यलाई भेट्नुपर्नेछ।

the children's hospital at Westmead

The Sydney children's Hospitals Network


© The Children's Hospital at Westmead, Sydney Children's Hospital, Randwick and Kaleidoscope Children, Young People and Families.

यस भेटमा तपाईँको बच्चालाई CPAP मास्क लगाइदिइनेछ। CPAP को उपचार शुरू गर्नुभन्दा अघि तपाईँको बच्चालाई मास्क लगाउनेमा अभ्यस्त गराइनु पर्दछ। तपाईँले मास्कलाई घरमा लैजानुहुनेछ र आगामी केही दिनहरूका लागि तपाईँले आफ्नो बच्चालाई केही छोटा समयहरूका लागि मास्क लगाउन अभिप्रेरित गर्नुहुनेछ। यो तपाईँको बच्चा निद्रामा वा उठेको बखत गर्न सकिन्छ, किनकि यसको उद्देश्य भनेको तपाईँको बच्चा मास्क लगाउन डराउँदैन भन्ने सुनिश्चित गर्नु हो।

उपचार शुरू गर्नुपूर्व उनीहरूको अनुहारको हड्डीहरूको 3D फोटो तपाईँले लिनुहुनेछ। यसले हामीलाई हड्डीको विकासको अनुगमन गर्न सहयोग गर्नेछ र मास्कले माथिको दाँतहरूलाई नथिचेको यकिन गर्न सघाउन गर्नेछ। मास्क तथा चाप उपचारको नियमिततासँगै 3D फोटो खिच्ने कामलाई हरेक 2-3 वर्षमा दोहोर्‍याउनु पर्छ।

एकपटक तपाईँको बच्चा मास्क लगाउन खुशी भइसकेपछि, वैज्ञानिक अधिकारीलाई फोन गर्नुहोस् र हामी CPAP शुरू गर्नका लागि अस्पतालमा भर्ना गर्न तपाईँलाई बुक गर्दिन सक्छौँ। अस्पतालमा भर्दा लगभग 3-4 रातहरूका लागि हुनेछ। यस अवधिमा उपचार समूहले तपाईँको बच्चाका लागि सबैभन्दा उत्तम चाप उपायका लागि काम गर्नेछ र तपाईँले CPAP का बारेमा शिक्षा प्राप्त गर्नुहुनेछ। यस अवधिमा तपाईँलाई सबै CPAP उपकरणहरूलाई घरमा भाडामा ल्याउनुपर्ने आवश्यकता पर्छ।

अस्पताल नजिकै बस्ने केही बालबालिकाहरूले उनीहरूको घरमै CPAP शुरू गर्न सक्छन्, हामीहरूको घरायसी नर्सको सहायताले।

## तपाईँले कसरी मास्क तथा मेसिन प्राप्त गर्नुहुन्छ?

## How do you get the mask and machine?

जब तपाईँको बच्चालाई प्रथम पटक CPAP उपचार शुरू गरिन्छ तपाईँले Westmead को बच्चाको अस्पतालमा मास्कको लागि रकम बुझाउनु पर्नेछ यो शुल्क एकपटकको लागि $100 को हो र यसलाई क्यासियरकहाँ गएर तिर्नुपर्छ (आकस्मिक विभागको छेउमा)। 6 महिनाभन्दा कम उमेरको बच्चाको हदमा बाहेक, अन्य अतिरिक्त मास्कलाई खुद्रा बिक्री केन्द्रहरूमा किन्नु पर्छ। एउटा मास्कको खुद्रा मूल्य लगभग $250-$300 पर्छ। भविष्यमा तपाईँले खुद्रा बिक्रीमा गएर किन्नुपर्ने मास्कको विस्तृत विवरण हामी प्रदान गर्दछौँ।





बच्चाको अस्पतालमा CPAP मेसिनको आपूर्ति सीमित हुन्छ। यसका लागि तपाईँले यस मेसिनलाई खरिद वा भाडामा लिनुपर्ने हुन्छ। थुप्रै बिक्री केन्द्रहरूले यो उपलब्ध गराउँछन् र तपाईँलाई ती बिक्री केन्द्रहरूको सम्पर्क विवरण उपलब्ध गराइनेछ। तपाईँको बच्चालाई आवश्यक पर्ने मेसिनको प्रकारअनुसार भाडा दरमा फरक पर्छ। तपाईँसँग स्वास्थ्य हेरचाह कार्ड भए कृपया हामीलाई खबर गर्नुहोस्, ताकि हामी कुनै पनि खरिद वा कोषको आवेदनका लागि सहयोग गर्न सकौँ।

## तपाईँको बच्चाले कतिञ्जेलCPAP प्रयोग गर्नुपर्छ?

## How long will your child need to use CPAP?

यदि तपाईँको बच्चालाई स्लिप एपनोइया छ र सर्जरीको लागि पर्खिरहेको हो भने (जस्तै एडिनोइड र टन्सिल हटाउने) तब CPAP लाई सर्जरीको दिनसम्म एउटा छोटो अवधिको समाधानका रूपमा आवश्यक पर्नेछ। केही अवस्थाहरूमा सर्जरीले स्लिप एप्नोइयालाई निको बनाउने छ र CPAP को त्यसपछि आवश्यकता पर्नेछैन।

केही बालबालिकालाई सर्जरीपछि पनि स्लिप एपनोइया हुनेछ र उनीहरूलाई CPAP लामो अवधिको उपचारको रूपमा प्रयोग गर्नुपर्ने आवश्यकता रहन्छ। केही बालबालिकाका लागि CPAP एउटा लामो अवधिको हुन्छ किनभने त्यहाँ सर्जरी उपचार विकल्पमा पर्दैन। ती अवस्थाहरूमा तपाईँको बच्चाले हरेक 3-6 महिनामा निद्रा/श्वासप्रश्वास डाक्टरलाई भेट्नुपर्ने हुन्छ (निद्रा डाक्टरले निर्देशन दिएअनुसार)। तपाईँको बच्चालाई हरेक 6-12 महिनामा थप निद्रासम्बन्धी अध्ययन गरिनुपर्ने आवश्यकता रहन्छ। निद्रासम्बन्धी दोहोर्‍याइएको अध्ययनको प्रयोगले तपाईँको बच्चाको सुताइको श्वासप्रश्वासको प्रगतिको अनुगमन गर्न तथा उसलाई CPAP को आवश्यकता पर्छ कि पत्ता लगाउन दिन्छ।

© The Children's Hospital at Westmead, Sydney Children's Hospital, Randwick and Kaleidoscope Children, Young People and Families.

## अन्य प्रतिकृया

## Other comments

जब तपाईँको बच्चालाई CPAP सहित घर पठाइन्छ तपाईँ Centrelink मा  Essential Medical Equipment Payment का लागि योग्य ठहरिनु हुन्छ। यो $140 वार्षिक भुक्तानी हो। Centrelink मा लैजानका लागि तपाईँ तथा तपाईँको डाक्टरले आवेदन पूरा गर्नुपर्ने हुन्छ।

CPAP मेसिनको आन्तरिक ब्याट्री हुँदैनन्। तपाईँ यसका लागि सचेत हुनुपर्छ कि बिजुली नभएको समयमा यसले काम गर्ने छैन। तपाईँले 12V को ब्याट्रीलाई खरिद गर्न सक्नुहुन्छ र/वा तपाईँको विद्युत आपूर्तिकर्तालाई सम्पर्क गर्न सक्नुहुन्छ। तपाईँको विद्युत आपूर्तिकर्तालई सम्पर्क गरेर तपाईँले उनीहरूलाई अवगत गराउन सक्नुहुन्छ कि तपाईँको परिवार सदस्य CPAP उपचारमा छ र त्यहाँ बिजुली गएको अवस्थाका लागि 'प्राथमिकता सूची' मा तपाईँहरूलाई राख्नका लागि उहाँहरूलाई अनुरोध गर्न सक्नुहुन्छ। तपाईँको विद्युत आपूर्तिकर्तालाई जानकारी गराएर तपाईँ आफ्नो बिजुलीको बिलमा छुट प्राप्त गर्नका लागि योग्य ठहरिनु हुन्छ।

## घरमा तपाईँको बच्चा बिरामी भयो भने के गर्ने?

## What if your child becomes unwell at home?

यदि तपाईँको बच्चा बिरामी भयो र आकस्मिक विभागमा ल्याउनुपर्ने आवश्यकता भयो भने तपाईँले सबै CPAP उपकरणहरू आफूसँगै ल्याउनुपर्छ।

यदि तपाईँको बच्चाले छिटो छिटो र आवाज निकालेर श्वास फेरिरहेको छ वा श्वास फेर्नलाई कठिनाइ भइरहेको छ भने तुरून्त डाक्टरलाई भेट्नुपर्छ।

यदि समस्या अत्यन्त गम्भीर हो भने तपाईँले बच्चाको ओठवरिपरि कालो रंग देख्नुहुन्छ वा उनीहरूले श्वास फेर्न छोडेपछि रोकावटहरू याद गर्नुहुन्छ। यदि यस्तो भएमा तपाईँले एम्बुलेन्स (000) बोलाउनुपर्छ।

## सम्पर्क

## Contacts

RSS वैज्ञानिक अधिकारी
(02) 9845 1851

RSS चिकित्सा नर्स परामर्शदाता (Clinical Nurse Consultant)
(02) 9845 2572

श्वासप्रश्वास सहायता सेवा (Respiratory Support Service)
(02) 9845 3437

बायोमेडिकल इञ्जिनीयरिङ विभाग (Biomedical Engineering Department)
(02) 9845 2602

## तस्वीरहरूका लागि अभिस्वीकृति

Philips Home Healthcare - ग्राहक हेरचाह नम्बर
1300 766 488

Devilbiss Healthcare Australia

### याद गर्नुहोस्:

### Remember:

- तपाईँको बच्चालाई हरेक पल्ट सुत्दा CPAP को प्रयोग गर्ने आवश्यकता हुन्छ (दिनमा र रातमा)।
- हामीले अस्पतालमा CPAP शुरू गर्नुपूर्व तपाईँको बच्चाले मास्क लगाउनमा अभ्यस्त भइसक्नु पर्छ।
- तपाईँले CPAP मेसिनलाई खरिद वा भाडामा लिनुपर्ने हुन्छ। तपाईँले CPAP मास्कलाई बदल्न खरिद गर्नुपर्ने हुन्छ।
- CPAP प्रयोग गरिरहेका बालबालिकाले निद्रा डाक्टरसँग नियमित फलो अप भेट गर्नुपर्ने हुन्छ।

© The Children's Hospital at Westmead, Sydney Children's Hospital, Randwick and Kaleidoscope Children, Young People and Families.